नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय
**Public Expenditure and Financial Accountability Secretariat**

**पत्र संख्याः०७३/७४/२.४** **चलानी नं.** ५७

**मितिः २०७४/१०/०५**

**विषयः स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को क्षेत्रीय प्रशिक्षक प्रशिक्षण (TOT) मा सहभागिता सम्बन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै ।

स्थानीय तहको आर्थिक कारोवार सञ्चालनलाई व्यवस्थित गर्न विकास गरिएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को क्षेत्रीयस्तरमा प्रशिक्षक प्रशिक्षण र जिल्लास्तरमा प्रयोगकर्ता प्रशिक्षण गरी २ चरणका तालिम मार्फत प्रणालीको Rollout गर्ने स्वीकृत कार्ययोजना अनुसार **संलग्न तालिका बमोजिम क्षेत्रीय प्रशिक्षक प्रशिक्षण तालिम** तय गरिएको छ।

अतः उक्त प्रशिक्षणमा सहभागी भई फर्किएपश्चात **जिल्लास्तरीय प्रणाली सञ्चालन तालिम सञ्चालन गर्नका लागि सूचना प्रविधि तथा सरकारी लेखा प्रणाली सम्बन्धी सफ्टवेयर सञ्चालन गर्न सक्षम** देहायबमोजिमका २ जना कर्मचारीहरूलाई प्रणालीको व्यावहारिक सिकाई (Practical) को निमित्त व्यक्तिगत कम्प्युटर (ल्यापटप) सहित अनिवार्य सहभागिता गराईदिनहुन यस सचिवालयको मिति २०७४/१०/०५ को निर्णयानुसार अनुरोध छ । साथै सहभागीहरूको मनोनयन गरी प्रशिक्षण सञ्चालन हुने मितिको कम्तिमा २ दिन अगावै सम्पर्क व्यक्तिलाई फोनबाट जानकारी गराइदिनुहुन समेत अनुरोध छ ।

१. प्रत्येक कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रक वा अन्य कर्मचारीमध्येबाट १ (एक) जना ।
२. प्रत्येक जिल्लाका जिल्ला समन्वय समितिबाट वा जिल्ला समन्वय समितिमा त्यस्तो कर्मचारी उपलब्ध नभएमा जिल्लाभित्रका स्थानीय तहको आर्थिक प्रशासन सञ्चालनमा प्रत्यक्ष संलग्न कर्मचारीहरूमध्येबाट १ (एक) जना ।

**बोधार्थः**

*श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय*
***आर्थिक प्रशासन शाखाः*** उपरोक्त बमोजिम सञ्चालन हुने तालिममा माथि बुँदा नं. २ मा उल्लेख भएबमोजिमको कर्मचारी सहभागी गराईदिने व्यवस्थाका लागि अनुरोध छ ।

२०७४/१०/०५

..........
(हरि निरौला)
सदस्य सचिव

# स्थानीय सञ्चित कोष व्यवस्थाप प्रणाली (सुत्र)

## क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम, २०७४

### सञ्चालन स्थान, मिति, समय र सम्पर्क व्यक्ति

| सि. नं. | स्थान | मिति र समय | सहभागी जिल्लाहरु | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १. | Hotel Ichchha, सिमरा, बारा । | २०७४ माघ १० – १२ (बिहान ८:३० देखि ४:३० सम्म) | १. सर्लाही, २. महोत्तरी, ३. धनुषा ४. रौतहट, ५. बारा, ६. पर्सा, ७. मकवानपुर, ८. चितवन, ९. नवलपुर १०. नवलपरासी गरी १० जिल्ला | रामेश्वर प्रसाद गुप्ता नं. ९८४५०६१५२७ ९८०४२८९९२८ |
| २. | Hotel Xenial, विराटनगर, मोरङ । | २०७४ माघ १४ – १६ (बिहान ८:३० देखि ४:३० सम्म) | १. ताप्लेजुङ्ग, २. पाँचथर, ३. इलाम ४. झापा, ५. संखुवासभा, ६. तेह्रथुम, ७. धनकुटा, ८. भोजपुर ९. मोरङ्ग १०. सुनसरी ११. उदयपुर १२. सप्तरी र १३. सिराहा गरी १३ जिल्ला | मिलन चन्द्र आचार्य नं. ९८५२०५८३१५ |
| ३. | Water Front Resort, पोखरा, कास्की । | २०७४ माघ १८– २० (बिहान ८:३० देखि ४:३० सम्म) | १. गोर्खा, २. तनहुँ, ३. कास्की ४. लमजुङ्ग, ५. मनाङ्ग, ६. मुस्ताङ्ग, ७. म्याग्दी, ८. बाग्लुङ्ग ९. पर्वत १०. स्याङ्जा ११. पाल्पा १२. अर्घाखाँची र १३. गुल्मी १४. रूपन्देही र १५. कपिलवस्तु गरी १५ जिल्ला | लक्ष्मी पुन ९८५६०३७९८२ |
| ४. | Hotel Himalayan Horizon, धुलिखेल, काभ्रे। | २०७४ माघ १८ – २० (बिहान ८:३० देखि ४:३० सम्म) | १. खोटाङ्ग, २. सोलुखुम्बु, ३. ओखलढुंगा, ४. रामेछाप, ५. सिन्धुली, ६. दोलखा, ७. सिन्धुपाल्चोक, ८. काभ्रेपलाञ्चोक ९. धादिङ्ग १०. रसुवा ११. नुवाकोट १२. भक्तपुर १३. ललितपुर र १४. काठमाण्डौ गरी १४ जिल्ला | सहिना महर्जन नं. ९८६१४३७३७६ |
| ५. | Hotel Sneha, नेपालगञ्ज, बाँके । | २०७४ माघ २४ – २६ (बिहान ८:३० देखि ४:३० सम्म) | १. रूकुमकोट, २. रूकुम, ३. सल्यान ४. रोल्पा, ५. प्युठान, ६. दाङ्ग, ७. बाँके, ८. बर्दिया ९. डोल्पा १०. जुम्ला ११. मुगु १२. हुम्ला १३. कालिकोट १४. जाजरकोट १५. दैलेख र १६. सुर्खेत गरी १६ जिल्ला | बेबी साह नं. ९८४१५८१८५३ |
| ६. | Hotel Devotee, धनगढी, कैलाली । | २०७४ माघ २८ – फागुन १ (बिहान ८:३० देखि ४:३० सम्म) | १. बझाङ्ग, २. बाजुरा, ३. डोटी ४. अछाम, ५. दार्चुला, ६. बैतडी, ७. डडेल्धुरा, ८. कञ्चनपुर र ९. कैलाली गरी ९ जिल्ला | तोया उप्रेती नं. ९८४८५११६२० |

**नोटः** प्रशिक्षणमा सहभागीलाई अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७३ र भ्रमण खर्च नियमावली, २०६४ को अधिनमा रही देहायबमोजिमको सुविधा उपलब्ध गराइनेछ ।

१. कार्यालयबाट प्रशिक्षणस्थलसम्म र प्रशिक्षणस्थलबाट कार्यालयसम्मको सार्वजनिक यातायातको बीलमा आधारित यथार्थ भ्रमण खर्च र दैनिक भत्ता,

२. प्रशिक्षण सञ्चालन भएका दिन प्रशिक्षण स्थलमा बिहानको खाजा (Breakfast) र दिउँसोको खाना (Lunch),

३. आवास तथा बेलुकीको खानाको व्यवस्था सहभागी स्वयंले गर्नुपर्ने । आवास बापत बढीमा ४ दिनको निर्देशिका बमोजिमको दरमा आवास सुविधा ।

४. सहभागीले कार्यालयको सवारी साधन प्रयोग गरेकोमा त्यस्तो सवारी, इन्धन तथा सवारी चालकले पाउने सुविधाको व्यवस्था सहभागी स्वयंले मिलाउनु पर्नेछ ।

२०७४।१०।८